# सनातन संयुक्त मोर्चाको वैचारिक जागरण अभियान

(कार्यादेश र शर्तहरू: TOR)

सनातन संयुक्त मोर्चाले नेपाललाई वैदिक सनातन हिन्दु राष्ट्र स्थापना गर्ने उद्देश्य राखेर सनातनीहरूलाई गोलबद्ध गर्न अन्तरिम आचार संहिता निर्माण गरी सोही अनुरुप आफ्ना कार्यक्रम अगाडि भढाइरहेको छ । मोर्चाले लामो समयदेखि काठमाडौँ उपत्यकाका नगर र वडास्तरसम्म  र उपत्यका बाहिर विभिन्न जिल्ला र देशका मुख्यसहरमा सम्पर्क कार्यालय सहितका आधारभूत सङ्गठनको स्वरूप निर्माण गरसकेको छ । थप योजनाका रूपमा मोर्चाले निम्नलिखित मुद्दाहरूमा केन्द्रित रही सङ्गठन विस्तारमा लागगेको छ । यो ToR ले नेपाललाई वैदिक सनातन हिन्दु राष्ट्र बनाउने उद्देश्यलाई केन्द्रमा राखेर राष्ट्रव्यापी सङ्गठन विस्तार, वैचारिक नेतृत्व विकास, धर्म, संस्कृति तथा परम्पराको संरक्षणसम्बन्धी कार्यक्रमहरूको कार्यान्वयनका लागि मार्गदर्शन प्रस्तुत गर्दछ।

१, मोर्चाले निम्न प्रमुख उद्देश्यहरू प्राप्तिका लागि कार्य गर्नेछ:

- राष्ट्रिय पहिचानको पुनर्स्थापना: नेपाललाई वैदिक सनातन हिन्दु राष्ट्रका रूपमा वैधानिक र शान्तिपूर्ण माध्यमबाट पुनःस्थापित गर्नका लागि अभियान सञ्चालन गर्ने।
- धर्म, संस्कृति र परम्पराको संरक्षण: नेपालका वैदिक, पौराणिक तथा ऐतिहासिक मठमन्दिर, देवालय, गुम्बाहरू, धार्मिक स्थलहरूको संरक्षण तथा संवर्द्धन गर्ने।
- सामाजिक सद्भाव र एकता: धार्मिक सहिष्णुता, आपसी सद्भाव र राष्ट्रिय एकताको भावनालाई सुदृढ गर्दै नेपालको भौगोलिक अखण्डता र सार्वभौमिकताको रक्षा गर्ने।
- नैतिक र आध्यात्मिक जागरण: राष्ट्रव्यापी रूपमा नैतिकता, सदाचार र आध्यात्मिक मूल्यमान्यतामा आधारित समाज निर्माणका लागि जनचेतना फैलाउने।

२, मोर्चाको मूल कार्यक्षेत्र निम्न मुद्दाहरूमा केन्द्रित रहनेछ

- सङ्गठन विस्तार: काठमाडौँ उपत्यका बाहिर विभिन्न जिल्ला र देशका मुख्य शहरहरूमा सम्पर्क कार्यालय र आधारभूत सङ्गठनको स्वरूप निर्माण गरी देशैभरि सङ्गठन विस्तार गर्ने।
- सूचना प्रविधि परिचालन (IT Force): नेपाल तथा विश्वका सम्पूर्ण हिन्दु सनातनीहरूलाई जोड्न र सनातनी विचारको नेतृत्व विस्तार गर्नका लागि आईटी फोर्सको निर्माण गर्ने।

- वैचारिक बहस र नेतृत्व विकास: वैदिक सनातन सम्बन्धी व्यावहारिक ज्ञानलाई सूचना र सञ्चार मार्फत विस्तार गरी देशका १०० स्थानमा वैचारिक बहस र अन्तरक्रिया गरेर सनातन नेतृत्वका लागि जनसमुहमा विचार फैलाउने।
- जनसभा आयोजना: लाखौँ जनसमुहको उपस्थितिमा देशैभरि मुख्य मुख्य शहर एवम् धार्मिकस्थलहरूमा धार्मिक सन्त महन्तहरूको उपस्थितिमा आमसभा गर्ने र काठमाडौँ केन्द्रित वृहत आमसभाको साङ्गठनिक तयारी गर्ने।

३, कार्य सञ्चालन पद्धति

क, सञ्चार एकाइको गठन:

केन्द्रीय, प्रदेश र क्षेत्रीय स्तरमा एक-एक सञ्चार एकाइ गठन गरिनेछ। यसले आधिकारिक सूचना र सन्देश प्रवाहको जिम्मा लिनेछ।

ख, आन्तरिक सञ्चार:

सूचना तथा निर्देशनहरू आधिकारिक इमेल वा सुरक्षित समूह (Official Group) मार्फत मात्रै प्रवाह गरिनेछ। मोर्चाको सदस्यले आन्तरिक छलफललाई बाह्य सार्वजनिक माध्यममा व्यक्तिगत रूपमा प्रस्तुत गर्न पाउने छैनन्। सार्वजनिक निर्णयलाई सञ्चाको नीति अनुरुप सामाजिक सञ्जाल र संस्थागत सञ्चार माध्यम मार्फत मात्रै प्रचारप्रसार गर्नु पर्नेछ ।

ग, सामाजिक सञ्जालको प्रयोग:

सामाजिक सञ्जालको प्रयोग गर्न मोर्चाको आधिकारिक खाता अर्थात ID मात्र प्रयोग गरिनेछ, जसको व्यवस्थापन सञ्चार एकाइले गर्नेछ। कुनै पनि सदस्यले व्यक्तिगत सञ्जालमा भड्काउपूर्ण, अनुचित वा असत्य कुरा पोस्ट गर्न पूर्ण रूपमा निषेध गरिएको छ।

४, भूमिका र दायित्व

क, केन्द्रीय समिति/नेतृत्व: मोर्चाको नीति, कार्यक्रम र रणनीतिक योजनाको तर्जुमा र अनुमोदन गर्ने। सङ्गठन विस्तारको अनुगमन गर्ने र वृहत आमसभाका लागि अन्तिम निर्णय लिने।

ख, प्रदेश/क्षेत्रीय समितिहरू:

आफ्नो क्षेत्रमा सङ्गठनको आधारभूत स्वरूप निर्माण गर्ने, तोकिएको समयसीमाभित्र वैचारिक बहस र आमसभाको तयारी गर्ने।

ग, आईटी फोर्स:

नेपाल र विश्वका सनातनीहरूलाई डिजिटल माध्यमबाट जोड्ने र सनातनी विचारको डिजिटल नेतृत्व विस्तार गर्ने।

घ, सञ्चार एकाइ:

आन्तरिक र बाह्य सञ्चारलाई व्यवस्थित, सत्यनिष्ठ र आधिकारिक बनाउने। सामाजिक सञ्जाल व्यवस्थापन गर्ने।

५, अपेक्षित उपलब्धीहरू (Expected Deliverables)

- साङ्गठनिक आधार: देशैभरि मुख्य शहर तथा जिल्लाहरूमा थप सम्पर्क कार्यालय सहितका आधारभूत सङ्गठनको स्वरूप निर्माण सम्पन्न गर्ने।
- वैचारिक नेतृत्व विस्तार: देशका १०० स्थानमा वैचारिक बहस र अन्तरक्रिया सफलतापूर्वक सम्पन्न भएको हुनेछ ।
- जनसमर्थन प्रदर्शन: देशैभरि मुख्य मुख्य शहर एवम् धार्मिकस्थलहरूमा सन्त महन्तहरूको उपस्थितिमा आमसभा सफलतापूर्वक सम्पन्न हुनेछ।
- आईटी फोर्सको सञ्चालन: नेपाल तथा विश्वका सनातनीहरूलाई जोड्ने आईटी फोर्स/प्लेटफर्म सञ्चालनमा आइसकेको हुनेछ ।
- अन्तिम लक्ष्य: काठमाडौँ केन्द्रित लाखौँ जनसमुहको उपस्थितिमा वृहत आमसभा आयोजनाका लागि साङ्गठनिक तयारी पूरा भएको हुनेछ।

६, अनुगमन र मूल्याङ्कन

सङ्गठनको विस्तार भएका जिल्ला/क्षेत्रीय समितिहरूको सङ्ख्या र क्रियाशीलताको रिपोर्ट तयार गर्ने।

क, वैचारिक प्रभाव:

१०० स्थानमा भएका वैचारिक बहस/अन्तरक्रियामा सहभागीहरूको सङ्ख्या र प्रभावकारिताको मूल्याङ्कन गर्ने।

ख, जनसहभागिता:

देशैभरिका आमसभाहरूमा सहभागी जनसमुहको अनुमानित सङ्ख्या र सन्त-महन्तहरूको उपस्थितिको अभिलेख ।

ग, सञ्चारको पालना:

आचारसंहितामा तोकिएको सञ्चार प्रक्रियाको पालना (सञ्चार एकाइको प्रतिवेदन)।

घ, आवधिक समीक्षा र प्रगति प्रतिवेदन:

आवधिक समीक्षा र प्रगति प्रतिवेदन केन्द्रीय समितिमा पेश गर्ने र लक्ष्य प्राप्तिमा देखिएका चुनौतीबारे छलफल गर्ने।

७, आर्थिक नीति वा रणनीति

सनातन संयुक्त मोर्चाको वैचारिक जागरण अभियानका लक्ष्यहरू, विशेषगरी राष्ट्रव्यापी सङ्गठन विस्तार, १०० स्थानमा वैचारिक बहस र वृहत जनसभाको तयारी सफलतापूर्वक सम्पन्न गर्न निम्न ६ बुँदे आर्थिक नीति अपनाउनु आवश्यक छ।

क, कोष सङ्कलनका स्रोत र विधिहरू

६ महिनाको अवधिमा आवश्यक कोष जुटाउन बहुआयामिक दृष्टिकोण अपनाइनेछ:

सनातनी समर्पण कोष:

- सदस्यता शुल्क र नवीकरण: उपत्यकाभित्र र बाहिर विस्तार भएका आधारभूत सङ्गठनका सदस्यहरूबाट निश्चित सदस्यता शुल्क अनिवार्य गर्ने।
  - दान र सहयोग: देश-विदेशमा रहेका वैदिक सनातन धर्म र हिन्दु राष्ट्रप्रति आस्थावान् व्यक्ति तथा संस्थाहरूबाट स्वेच्छिक दान प्राप्त गर्ने।
    - यसका लागि आईटी फोर्सको सहयोगमा Transparent Digital Donation Platform स्थापना गरी सहयोग रकम र दाताको विवरण (गोपनीयता कायम गरी) सार्वजनिक गर्ने।

ख, कार्यक्रम-आधारित सहयोग

- वैचारिक बहस/अन्तरक्रिया शुल्क: ठूला कार्यक्रमहरूमा सहभागीहरूबाट न्यूनतम सहभागिता शुल्क (Participation Fee) लिने वा प्रायोजक (Sponsor) हरू खोज्ने।
- धार्मिक संस्थाको सहकार्य: मठमन्दिर, गुम्बा र धार्मिक संस्थाहरूसँग समन्वय गरी संयुक्त धार्मिक/सांस्कृतिक कार्यक्रम आयोजना गर्ने र सोबाट प्राप्त हुने रकम मोर्चाको कोषमा जम्मा गर्ने।

- केन्द्रीय कोष स्थापना: प्राप्त सबै आर्थिक सहयोग केन्द्रीय समिति मातहतको एक निश्चित बैंक खाता (सनातन संयुक्त मोर्चा कोष) मा मात्र जम्मा हुने सुनिश्चित गर्ने।

## ८. बजेटको प्राथमिकीकरण र विनियोजन

प्राप्त सीमित स्रोतलाई अधिकतम प्रभावकारिताका लागि निम्न कार्यहरूमा प्राथमिकीकरण गरिनेछ:

| प्राथमिकताको क्षेत्र | विनियोजनको उद्देश्य | अपेक्षित बजेट प्रतिशत |
|---|---|---|
| क. सङ्गठन विस्तार र वैचारिक बहस (लक्ष्य २ र ५) | १०० स्थानमा वैचारिक बहस, क्षेत्रीय/जिल्ला समितिहरूको यात्रा खर्च (Travel), गोष्ठीको व्यवस्थापन, र आधारभूत सङ्गठन निर्माण। (उच्च प्राथमिकता) | 40% |
| ख. सूचना प्रविधि परिचालन (IT Force) (लक्ष्य २) | डिजिटल नेतृत्व विकास, आधिकारिक वेबसाइट/प्लेटफर्म निर्माण, डिजिटल सामग्री उत्पादन, सामाजिक सञ्जाल व्यवस्थापन र आईटी टिमको पारिश्रमिक। | 25% |
| ग. सञ्चार र प्रचारप्रसार (लक्ष्य ३) | आन्तरिक सञ्चार प्रणाली, आधिकारिक मिडिया ह्यान्डलहरूको व्यवस्थापन, प्रेस विज्ञप्ति तथा प्रचार सामग्री उत्पादन, र सञ्चार एकाइको सञ्चालन खर्च। | 15% |
| घ. वृहत आमसभाको तयारी (लक्ष्य २ र ५) | काठमाडौं केन्द्रित वृहत आमसभाको पूर्वतयारी, स्थलगत व्यवस्थापनको अध्ययन, धार्मिक सन्त-महन्तहरूको समन्वय र प्रारम्भिक लजिस्टिक खर्च। | 15% |
| ङ. प्रशासनिक तथा आकस्मिक कोष | कार्यालय सञ्चालन, लेखा व्यवस्थापन, र अप्रत्याशित खर्चहरूका लागि। | 5% |

## ९, वित्तीय पारदर्शिता र जवाफदेहिता

आर्थिक नीतिमा पूर्ण पारदर्शितालाई मूल आधार मानिनेछ:

- लेखा प्रणाली : सम्पूर्ण आम्दानी र खर्चको स्पष्ट हिसाब राख्नका लागि एक प्रमाणित लेखा प्रणाली स्थापना गर्ने।
- आन्तरिक अडिट: केन्द्रीय समितिले नियुक्त गरेको लेखा परीक्षण समिति (Audit Committee) बाट मासिक रूपमा आन्तरिक लेखा परीक्षण गराउने।

- सार्वजनिक प्रतिवेदन: प्रत्येक ३ महिनामा आर्थिक प्रगति प्रतिवेदन केन्द्रीय समितिमा पेश गर्ने र मुख्य दाताहरूलाई उपलब्ध गराउने। सार्वजनिक कोषबाट प्राप्त विवरणहरूलाई पारदर्शी रूपमा सार्वजनिक गर्ने नीति अपनाउने।

१०, खर्च नियन्त्रण र मितव्ययिता

बजेटको कुशलतापूर्वक प्रयोगका लागि निम्न रणनीति अपनाइनेछ:

- यात्रा र आवास: प्रदेश/क्षेत्रीय समितिहरूको बैठक र वैचारिक बहसमा यात्रा गर्दा अनावश्यक खर्च नियन्त्रण गर्न सार्वजनिक यातायातको प्रयोगमा जोड दिने। उच्च खर्चिला आवास र भोजनलाई निरुत्साहित गर्ने।

- स्वयंसेवक परिचालन: अधिकतम कार्यक्रमहरूमा स्वयंसेवक हरूको परिचालन गरी पारिश्रमिक र व्यवस्थापन खर्च कटौती गर्ने।

- डिजिटल सामाग्रीमा जोड: छपाइ सामग्रीलाई न्यूनीकरण गर्नका लागि वैचारिक सामग्रीहरूलाई डिजिटल स्वरूपमा (ई-बुक, पीडीएफ) आईटी फोर्स मार्फत वितरण गर्ने।

११, आईटी फोर्सको आर्थिक सक्षमता

आईटी फोर्सलाई मोर्चाको एक आर्थिक रूपमा सबल हतियार बनाउने:

- डिजिटल सदस्यता: विश्वभरका सनातनीहरूलाई जोड्ने आईटी प्लेटफर्ममा निश्चित शुल्कको 'ग्लोबल सनातनी सदस्य' बनाउने नीति अवलम्बन गर्ने।
- डिजिटल सामग्रीबाट आय: सनातनी मूल्य-मान्यतामा आधारित उच्च गुणस्तरको डिजिटल सामग्री बिक्री वितरण गरी अतिरिक्त आयको स्रोत स्थापित गर्ने।

यो आर्थिक नीति ६ महिनाभित्र तोकिएका (१) आधारभूत सङ्गठनको स्वरूप निर्माण, (२) १०० स्थानमा वैचारिक बहस र (३) वृहत आमसभाको साङ्गठनिक तयारी) जस्ता ठोस उपलब्धीहरू प्राप्त गर्नका लागि केन्द्रित रहनेछ। आर्थिक पारदर्शिता र खर्च नियन्त्रण यस नीतिको सफलताको आधारशीला रहनेछ।